## अनुवाद सेवा

### प्रशासनिक अनुवाद

नि:शुल्क

किताक्यूशु नगरका प्रशासनिक एजेन्सीहरू र सार्वजनिक विद्यालयहरूमा अनुवादकहरू पठाउनुको साथै टेलिफोन अनुवाद र अनलाइन अनुवाद सेवाहरू प्रदान गरिरहेकाछौं।

※निम्न कुराहरु समाबेस गरिएको छैन:

- न्यायिक अनुवाद, पाठशाला सहायता आदि विशेष अनुवाद
- इभेन्ट (पर्यटन, निरीक्षण, पार्टी, आदि)को अनुवाद
- व्यापारिक अनुवाद
- घरेलु वा मित्रहरू बीचको निजी अनुवाद
- अनुवाद
- विदेशी भाषा निर्देशन र अरुकसैले लेखेको लेखन चोरी गरी तयार गरिएको लेख वा सामग्री

### चिकित्सा अनुवादक

सशुल्क

ढुक्क संग उपचार गराउन सकियोस् भन्नका लागि, अस्पतालहरूमा मेडिकल दोभाषेहरू पठाइरहेकाछौं।

※ पठाउनकोलागि मेडिकल संस्थाबाट अनुरोध गर्नु आवश्यक हुन्छ।

※ लागत चिकित्सा संस्था द्वारा वहन गरिनेछ।
(प्रयोगकर्ता आफैद्वारा वहन गर्न पर्ने पनि हुन सक्छ।)



※अनुवाद सेवाको लागि 5 दिन अघि अग्रिम बुकिङ गर्नु आवश्यक हुन्छ।

बुकिङ ☎:093-643-5931

## कुरोसाकि

| | |
|---|---|
| रिसेप्शन समय | सोमबारदेखि शुक्रबार (सार्बजनी बिदा र नयाँ वर्षको बिदा बाहेक) 9:30～16:00 |
| टेलिफोन नम्बर | ☎：080-6445-2606 |
| ठेगाना | किताक्यूशु-सी, याहातानिशी-कु, कुरोसाकी किताक्यूशु 3-15-3 कोमु सिटी 3 तल्ला अन्तर्राष्ट्रिय विनिमय संघ |




व्यवस्थापन
**(सार्वजनिक सम्पत्ति) किताक्यूशु अन्तर्राष्ट्रिय संघ**
होमपेज
**https://www.kitaq-koryu.jp/**

2024年８月作成

2024年◉ネパール語

# किताक्युशु नगर विदेशी सूचना केन्द्र




※सम्बन्धित भाषाहरु

जापानीज, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, तागालोग, नेपाली, थाई, इन्डोनेसियन, मलय, मङ्गोलियन, खमेर, म्यानमार, हिन्दी, सिंहला, रुसी, पोर्चुगिज, स्पेनिस, फ्रान्सेली, इटालियन, जर्मन, बंगाली, युक्रेनी, उर्दू

●सम्बन्धित भाषाहरू परिवर्तन हुन सक्छ .

# कितक्युशु नगर विदेशी सूचना केन्द्रमाचाहीँ ...



विदेशी नागरिकहरू या कार्यस्थल या विद्यालयमा, समुदायमा विदेशीहरूसँग काम गर्नु पर्ने व्यक्तिहरुलाई लक्षित गरि दैनिक जीवनयापनमा आवश्यक जानकारी वा परामर्शमा धैरै भषाहरु प्रदान गर्दछौं ।


☎ 080-6445-2606

https://www.facebook.com/Information.Center.for.Foreigners/

helpdesk@kitaq-koryu.jp


※इमेल मार्फत सेवा दिने भाषाहरू जापानीज ,अंग्रेजी ,चाइनिज, भियतनामी मात्र ।

## विदेशी परामर्श डेस्क

नि:शुल्क

● धेरै भाषाहरूमा जानकारी प्रदान गर्दछौं।




● विदेशी नागरिकहरूबाट दैनिक जीवनसँग सम्बन्धित विभिन्न परामर्ससेवाहरू प्रदान गर्दछौं।




...विदेशी भाषा परामर्शदाताले सेवा दिनेछन्।

● विशेषज्ञहरूसँग समन्वय गर्दै सल्लाहका लागि सहायता प्रदान गर्दछौं (कुरोसाकीको मात्र)।

### अध्यागमन, निवास, र भिसा प्रक्रियाहरूमा परामर्श

... अध्यागमन वकिलले सहयोग प्रदान गर्दछौं।

आवास अनुमति, स्थायी निवास अनुमति, नागरिकता आवेदन, अन्तर्राष्ट्रिय विवाह र अन्य सम्बन्धित प्रक्रियाहरूको संबन्धमा परामर्श प्रदान गर्दछौं।

| | |
|---|---|
| मिति र समय | दोस्रो शनिबार 13:00〜16:00 |
| बुकिङ | आवश्यक नपर्ने (अनुवादकको लागि बुकिङ आवश्यक छ) |

### कानुनी सल्लाह

... वकिल सहयोग प्रदान गर्दछौं।

आवास, विवाह/विच्छेद, श्रम समस्याहरू लगायतका कानूनी समस्याहरूमा सल्लाह प्रदान गर्दछौं।



| | |
|---|---|
| मिति र समय | चौथो शनिबार 13:30〜16:30 |
| बुकिङ | आवश्यक (पहिलो आउने 3 जनालाई ) |

### मनोवैज्ञानिक परामर्श

...क्लिनिकल मनोबिज्ञले प्रदान गर्नुहुने छ।

मानसिक थकान, तनाव, चिन्ता, समस्या आदि भएका विदेशीहरूका लागि परामर्श प्रदान गरिन्छ ।

※ मिति समय,स्थानको सल्लाहगर्नुहोस । (बुकिङ आवश्यक)

## क्षेत्रीय जापानीज भाषा शिक्षा परामर्श डेस्क / काउन्टर

नि:शुल्क

...जापानीज भाषा शिक्षाका विशेषज्ञ कर्मचारीले सेवा प्रदान गर्नेछन् ।

● जापानीज भाषा कक्षाको परिचय गर्दछौ।

"जापानीजहरूसँग धेरै कुरा गर्न मन छ", "पाठ्यपुस्तकको सहायतामा पढ्न मन छ" जस्ता तपाईको इच्छाअनुसार जापानीज भाषा कक्षा खोज्नमा मद्दत गर्नेछौ।

● जापानीज भाषा अध्ययनको उल्जनमा मद्दत गर्नेछौ ।

"कसरि जापानीजभाषा पढ्दा ठिक होला?" "बालबालिकाको जापानीजभाषाको चिन्ता..." जस्ता समस्याहरूमा परामर्श गर्नेछौ।

● प्रशिक्षकहरू पठाउने बारे परामर्श प्रदान गर्नेछौ।

"विदेशी कर्मचारीहरूलाई जापानीज भाषा जानकारी गरीदिए हुन्थ्यो," "सजिलो जापानीज भाषा " सिक्न चाहन्थे, जस्ता आवश्यकताहरूमा आधारित शिक्षा योजना प्रस्तुत गर्दछौ ।

※ काउन्टरमा परामर्शको लागि अग्रिम बुकिङ आवश्यक छ।

बुकिङ ☎:093-643-5931

जटिल समस्याहरु वा समाधान मा कठिन बेलामा बहुसांस्कृतिक सामाजिक कार्यकर्ताहरूद्वारा निरन्तर समर्थन प्रदान गरिन्छ । सबै विवरण गोप्य राखिने भएकोले निर्धक्क भई सल्लाह गर्नुहोस्।

